चुरे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय,

घरखेडा, कैलाली

प्रमाणिकरण मिति: २०८१/०६/२२

# निजी वन दर्ता सम्बन्धी कार्यविधि २०८१

**प्रस्तावना** : राष्ट्रिय वनलाई व्यवस्थित वन, वनको संरक्षण, वनको महत्व सर्वसाधारणलाई सु–सुचित गराउन वन ऐन, २०७९ को दफा (४) मा व्यवस्था भए बमोजिम चुरे गाउँपालिका, कैलालीले वन दर्ता सम्बन्धी कार्यविधि बनाई लागु गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम यो कार्यविधि निर्माण गरि लागु गरिएको छ ।

## परिच्छेद –१

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम निजी वन दर्ता सम्बन्धी कार्यविधि २०८१ हुनेछ ।

(२) यो कार्यविधि चुरे गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

(३) ऐन भन्नाले वन ऐन २०७९ सम्झनु पर्छ ।

(४) परिभाषा विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**क**) **“आखेटोपहरा”** भन्नाले वन्यजन्तुको जीवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनिहरुको शरीरको कुनै अंग सम्झनु पर्दछ र सो शब्दले वन्यजन्तुको शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको समिश्रणबाट तयार भएको वस्तुलाई समेत जनाउँछ ।

**ख**) **“गैरकाष्ठ वन पैदावार”** भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वन बाहिर रहेका रुखहरुबाट उत्पादित काठ र दाउरा बाहेकका जडीबुडी तथा वन्यजन्तु वा वन्यजन्तुको आखेटोपहरा लगायत अन्य सबै जैविक उत्पतीका बस्तु सम्झनु पर्छ ।

**ग**) **“टाँचा”** भन्नाले काठ वा खडा रहेका रुखमा लगाईने छाप चिह्न वा निसाना सम्झनु पर्दछ ।

**घ) “निजी वनको व्यवस्थापन पद्धती”** भन्नाले निजी वनको व्यवस्थापनको लागि अपनाईएका पद्धती सम्झनु पर्दछ ।

**ङ) “वातावरणीय परिक्षण भन्नाले”** प्रचलित कानुन बमोजिम गरिने सम्झौता, वातावरणीय प्रभाव परिक्षण मूल्याकंन सम्झनु पर्दछ ।

**च) “वातावरणीय सेवा”** भन्नाले वन क्षेत्रको पारिस्थितिकिय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिको सेवा र सो बाट प्राप्त हुने लाभ सम्झनु पर्दछ :

१) कार्वन सेवा

२) जैविक विविधताको संरक्षण

३) जलाधार तथा जलचक्र प्रणाली

४) पर्यावरण

**छ) “स्थानीय तह”** भन्नाले चुरे गाउँपालिका कैलाली सम्झनु पर्छ ।

**ज) “गाउँसभा भन्नाले”** स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजीम गठन भएको गाउँसभा सम्झनु पर्दछ ।

## परिच्छेद २

१) **निजी वन सूचीकरण तथा दर्ता सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिका क्षेत्रमा साविकमा दर्ता तथा हस्तान्तरण भएका नीजि वनहरुले देहायका कागजात सहित अनुसुची १ ढाँचामा निवेदन दिई उपदफा २ बमोजिमको दस्तुर तिरी गाउँपालिकामा सुचीकृत तथा दर्ता हुनु पर्नेछ ।

(क) निजी वन दर्ताको लागि निवेदन

(ख) प्रचलित कानून तथा यस कार्यविधि बमोजिम जग्गाधनी लालपुर्जाको प्रतिलिपि

(ग) निजी वन धनीको विवरण

(घ) सम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ङ) नापी कार्यालयले प्रमाणित गरेको जग्गा कित्ता नम्बर खुलेको नक्सा र फिल्डबुकको प्रतिलिपि

(च) मालपोत तिरेको रसिदको प्रतिलिपि

(छ) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ज) सम्बन्धित सब डिभिजन वन कार्यालयको सिफारिस

(झ) दर्ता (हस्तान्तरण) प्रमाण पत्र

(२) **दर्ता तथा नविकरण** : दर्ता वापत रु १००० (अक्षररुपी एक हजार मात्र ) र नविकरण वापत रु ५०० (अक्षररुपी पाँच सय मात्र ) दस्तुर तिरी दर्ता तथा नविकरण गरिनेछ । नविकरण गर्दा प्रत्येक वर्षको आश्विन मसान्त भित्र गरि सक्नु पर्नेछ ।

२) **नीजि वन दर्ता प्रमाण पत्र** : उपदफा (१) बमोजिम सुचीकृत तथा दर्ता हुन आउने निजी वनहरुलाई अनुसुची –२ बमोजिमको ढाचाँमा गाउँपालिकाले प्रमाण पत्र दिनेछ ।

## परिच्छेद ३

१) **निजी वनको भु–स्वामित्व, भू–उपभोग, निजी वनको दर्ता तथा सिमा सम्बन्धी व्यवस्था :–** (१) निजी वनको भु–स्वामित्व, भू–उपभोग सम्बन्धी व्यक्तिको हुनेछ ।

**स्पष्टीकरण** : उपनियम (१) मा डिभिजन वन कार्यालयले निर्दिष्ट गरे बमोजिम भू–स्वामित्व रहने गरी चुरे गाउँपालिकाको कार्यालय कैलालीले वन दर्ता गर्ने छ ।

२) **निजी वनको उपयोगिता** : (१) निजी वन दर्ता गर्ने व्यक्तिले उत्पादन भएका वन पैदावार वस्तुहरु डिभिजन वन कार्यालयको नियमानुसार उपभोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) निजी वन धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा तोकिएको दस्तुर तिरी गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ । साल प्रति क्यूफुट ५० रुपैयाँ, खयर प्रति क्यूफुट ६० रुपैयाँ, सल्ला प्रति क्यूफुट २० रुपैयाँ, अन्य जातका रुख प्रति क्यूफुट १० रुपैयाँ र दाउरा प्रति चट्टा ५०० रुपैयाँ गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ । यसरी रकम जम्मा गरी सकेपछि मात्र डिभिजन वन कार्यालयले छुट पुर्जी दिनु पर्ने छ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यावसायिक वा घरायसी प्रयोजनको लागि गाउँपालिकाबाट अर्को स्थानीय तहमा वन पैदावारको सङ्कलन तथा ओसारपसार गर्नु परेमा सम्बन्धित डिभिजन वन कार्यालयको सिफारिस सहित तोकिएको दस्तुर तिरी गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

**३) वनक्षेत्र भित्र बसोबास वा पुर्नवास गर्न नपाउने** : (१) रुख भएको कुनै पनि वन क्षेत्र भित्र बसोबास वा पुर्नवासका लागि प्रयोग गरिने छैन ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडी वन सम्बन्धी तत्काल प्रचलित कानूनको अधिनमा रहि बसोबास वा पुर्नबास गरिएका जग्गामा त्यस्तो जग्गा प्रदान गर्दाको बखत देखि रहेका रुखहरु नेपाल सरकारको स्वामित्वमा रहने छन ।

**४) सिमसार क्षेत्रको व्यवस्थापन** : (१) निजी वन क्षेत्रभित्रको सिमसार क्षेत्रको संरक्षण सम्बर्द्धन र व्यवस्थापन सम्बन्धित पक्षको हुने छ ।

**५) निजी वनको सिमा निर्धारण** : (१) जिल्ला वन कार्यालय तथा चुरे गाउँपालिका नापी शाखाले निर्धारण गरेको वन क्षेत्रलाई जनाउने छ ।

**६) निजी वन फिर्ता लिन सक्ने** : डिभिजन वन कार्यालय/चुरे गाउँपालिकाको कार्यविधिले तोकेको मापदण्ड बिपरित कुनै कार्य गरेको देखेमा गाउँपालिकाको कार्यालयले निजी वन दर्ता फिर्ता वा रद्ध गर्न सक्ने छ ।

## परिच्छेद –४

## विविध

**१) निजी वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनु पर्ने** (१) कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योग सञ्चालन गर्नुपुर्व डिभिजन वन कार्यालय र यस गाउँपालिका कार्यालयलाई उत्पादन गर्ने वस्तु वा सेवाको बारेमा जानकारी गराउनु पर्ने छ ।

**२) प्रतिबन्ध लगाउन सक्ने** : (१) नेपाल सरकारले जैविक विविधतामा कुनै प्रजातिको संरक्षण वा वातावरण संरक्षणको लागि तोकिएका क्षेत्रको वन पैदावारको संकलन, कटान, उपभोग, ओसार पसार विक्री वितरण वा विदेश निकासीमा गाउँपालिकाले प्रतिबन्ध लगाउन सकने छ ।

**३) प्रचलित कानुन बमेजिम हुने** यो कार्यविधिमा लेखिए जति कुरामा यस कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

अनुसूची १

निजी वन दर्ताको लागि दिईने निवेदनको ढाँचा

श्री................................

चुरे गाउँपालिका घरखेडा कैलाली

मैले आफ्नो आवादी जमीनमा लगाई राखेको रुख वन ऐन २०७९ र निजि वन दर्ता सम्बन्धी कार्यविधी २०८१ अनुसार निजी वन दर्ता गरी पाउँ । मैले लगाएको रुखको जात, परिमाण र त्यसले ओगटेको जग्गाको क्षेत्रफल तपशिल बमोजिम छ । म सँग भएको जग्गाको निस्सा प्रमाण पूर्जार अन्य आवश्यक कागजात पनि यसैसाथ संलग्न गरेको छु ।

तपसिल

| क.स | जग्गा रहेको स्थान | जग्गाको कित्ता नं. | जग्गाको क्षेत्रफल | रुख विरुवाको जात | रुख विरुवाको संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदक

हस्ताक्षर :

नाम,थर :

ठेगाना :

मिति :

अनुसुची २

## निजी वन दर्ताको प्रमाणपत्रको नमुना

**चुरे गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय,**

**घरखेडा, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल**

**निजी वन दर्ता प्रमाण–पत्र**

दर्ता नं.

श्री.....................................

तपाईले यस कार्यालयमा निजी वन दर्ता गराई पाउँ भनी दिएको निबेदन उपर कारवाही गर्दा यस चुरे गाउँपालिकाको वन ऐन, २०७९ र निजी वन दर्ता सम्बन्धी कार्यविधी, २०८१ को अधिनमा रही देहायको आवादी जमिनमा लगाएको वन पैदावरलाई निजी वनको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

**निजी वनको विवरण :–**

नाम :

चार किल्ला : (क) पूर्व ....................... (ख) पश्चिम.................................

(ग) उत्तर..........................(घ). दक्षिण...................................

जिल्ला : .......................... गा.पा ....................................वडा नं. .....................

कित्ता नं.............................................. जम्मा क्षेत्रफल ......................................

**वन पैदावारको विवरण :–**

| क.स | प्रजाती | संख्या | अनुमानित उमेर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणपत्र दिने अधिकारीको :

दस्तखत :

नाम :

पद:

मिति :

**द्रष्टव्य :** यो प्रमाण पत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ लाग्नेछ ।